## सर्वोच्च अदालत, संयुक्त इजलास

## माननीय न्यायाधीश श्री कुमार रेग्मी

## माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल

## आदेश

०७९-WO-१४५७

विषयः उत्प्रेषण समेत।

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५७।११।१६ मा अपहरण गरी यातना दिई गोली हानी हत्या गरिएका टिकाराज आरणको छोरा रामेछाप जिल्ला, मथन्ली नगरपालिका वडा नं.९ निवासी सत्य निरुपण तथा मेलमिलाप आयोगमा द.नं. १९५८, मिति २०७३।०३।०२ मा उजुरी हालेका जनआन्दोलन २०६२/०६३ का जनआन्दोलन घाइते ज्ञानेन्द्रराज आरण..................................................................................१

इलाम जिल्ला साविक इलाम नगरपालिका वडा नं.२ निवासी पहल बहादुर गुरुङ्गको छोरा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा) माओवादीले सम्पत्ति क्षति, लुटपाट एवं घर जग्गा लगायत चिया बगान समेतको श्रीसम्पत्ति कब्जामा लिई मिति २०६१।०९।२९ मा सपरिवार विस्थापित बनाइएका हाल परिवर्तित इलाम जिल्ला, माई नगरपालिका वडा नं.३ निवासी संविधान सभाका ज्येष्ठ सदस्य एवं सत्य निरुपण तथा मेलमिलाप आयोगमा मिति २०७३।०३।०२ मा उजुरी दर्ता गरी निस्सा प्राप्त गरेका कुल बहादुर गुरुङ्ग....१

बैतडी जिल्ला, साविक खलंगा गा.वि.स. वडा नं.२ निवासी इन्द्रध्वज चन्दको छोरा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले २०५३ सालमै चल सम्पत्ति लुटपाट, क्षति र जायजेथा जग्गा जमिन घर (बर्दिया र कैलालीमा अवस्थित) समेत कब्जा गरी सर्वस्वहरणसहित विस्थापित बनाइएका पूर्व सांसद हाल परिवर्तित दशरथचन्द नगरपालिका वडा नं.४ निवासी एवं सत्य निरुपण तथा मेलमिलाप आयोगमा मिति २०७३।०३।०२ मा उजुरी दर्ता गरी निस्सा प्राप्त गरेका

विनयध्वज चन्द........................................................................................१

सशस्त्र द्वन्द्वमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले मिति २०५५।११।१५ राती ८:०० बजे अपहरण गरी चोखण्डे जंगलमा खुकुरी प्रहार गरी निर्मम हत्या गरिएका भीम प्रसाद तिमल्सेनाको छोरा काभ्रे जिल्ला, बेथानचोक गाउँपालिका वडा नं.२ टप्पल ढुँखर्क बस्ने विष्णु प्रसाद तिमल्सेना (TRC उजुरी द.नं. ११४५, ०७३।०२।२८)........................................................................................१

द्वन्द्वकालमा तत्कालीन राज्य पक्षले मिति २०५९।०७।०६ मा गिरफ्तार गरी हत्या गरिएका राजकुमार के.सी.को पत्नी रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं.१० निवासी शान्ति कुमारी कार्की (TRC उजुरी द.नं. २५, २०७३ साल)........................................................................................१

दोलखा जिल्ला, कालिञ्चोक गाउँपालिका वडा नं.२ निवासी बालानन्द खतिवडाको छोरा द्वन्द्वकालमा विद्रोही पक्ष माओवादीबाट २०५६ सालमा विस्थापित र मिति २०६०।०६।०४ मा सम्पत्ति लुटपाट र कब्जामा परी पीडित भएको र सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी द.नं. १७३, मिति २०७३।०१।२४ मा उजुरी दर्ता गरेका बलराम खतिवडा........................................................१

नुवाकोट जिल्ला, लिखु गाउँपालिका वडा नं.६ निवासी टिका बहादुर भण्डारीको छोरी द्वन्द्वकालमा तत्कालीन राज्य पक्षबाट मिति २०६०।०७।१२ मा पक्राउ गरी भैरवनाथ गणमा २७ महिनासम्म बेपत्ता पारिएको, शारीरिक तथा मानसिक यातनाबाट पीडित एवं TRC तथा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग मा २०७३ सालमा उजुरी दायर गरेको तारा भण्डारी........................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले गोली हानी सख्त घाइते बनाएका सावित्री प्रसाद तिमल्सेनाको पत्नी एवं द्वन्द्वकाल (२०५८ साल) मै विद्रोही पक्षले चल अचल सम्पत्ति लुटपाट, कब्जा गरी स-परिवार आन्तरिक रुपमा विस्थापित बनाइएकी यातना पीडित, शिक्षण पेशाबाट समेत बञ्चित गरिएकी भोजपुर जिल्ला, रामप्रसाद राई गाउँपालिका-३ निवासी एवं सत्य निरुपण तथा मेलमिलाप आयोग मा उजुरी द.नं. २४९२, मिति २०७३।०३।३० भएकी कमला राई तिमल्सेना........................................................................................१

गोरखा जिल्ला साविक ताप्ले वडा नं.८ निवासी मणिराम भट्टराईको छोरा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्षले शारीरिक यातना दिई विस्थापित बनाइएका र सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी पनि दिएका (उजुरी दर्ता नं. ०४, मिति २०७३।०१।०५) गोरखा नगरपालिका वडा नं.१ बस्ने मेघनाथ भट्टराई.......................................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा हत्या गरिएका नेपाल माओवादी पीडित संघका अध्यक्ष गणेशदत्त चिलुवालको पत्नी बिरुवा गाउँपालिका वडा नं.६ निवासी हिरण्यलाल पाध्याको छोरी (TRC उजुरी दर्ता नं. ६९, २०७३।०१।०८, विषय शारीरिक तथा मानसिक यातना, विस्थापित, हत्या) सावित्री शर्मा चिलुवाल ..............................................................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले कुटीकुटी हत्या गरेका नन्दलाल कोइरालाको पत्नी गोरखा जिल्ला, सुलिकोट गाउँपालिका वडा नं.४ निवासी (TRC दर्ता नं. १२७९, २०७३।०२।३०, गोप्य) जनक कुमारी कोइराला.......................................................................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले हत्या गरेका श्रीधर भट्टराइको पत्नी तनहुँ जिल्ला, भानु नगरपालिका वडा नं.११ निवासी राधिका भट्टराई (TRC उजुरी दर्ता नं. १२४४, २०७३ साल)..................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले पतिको हत्या गरेका नुवाकोट जिल्ला, बेलकोटगढी नगरपालिका वडा नं.१० निवासी बलराम तिवारीको छोरी हिराकुमारी तिवारी (TRC उजुरी दर्ता नं. १२४९, २०७३।०२।३०)......१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं.१२ निवासी भुवानसिं बुढाथोकीको छोरा एवं TRC उजुरी दर्ता नं. १५५०, २०७३।०२।३२ भएका कल्याण बुढाथोकी...............................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति, परिवारको सदस्यको हत्या गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका अछाम जिल्ला, कमलबजार नगरपालिका वडा नं.५ निवासी लक्ष्मीकान्तको छोरा एवं TRC उजुरी

दर्ता नं. १७७६, २०७३।०३।०१, मानसिक यातना, विस्थापित भएका भोजराज तिमल्सैना........................................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति, अपहरण गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका (TRC उजुरी दर्ता नं.११, २०७३।०१।२२) रामेछाप जिल्ला, लिखुतामाकोशी गाउँपालिका वडा नं.१ निवासी छबिरमणको छोरा रमेश कुमार वाग्ले...............................................१

द्वन्द्वकालमै तत्कालीन विद्रोही पक्ष माओवादीले मिति २०७८।०८।१६ मा मरणासन्न हुने गरी शरीर भरी निलडाम पारेर कुटपिट गरी विस्थापित बनाइएको रामेछाप जिल्ला, लिखुतामाकोशी गाउँपालिका वडा नं.१ निवासी रमेश वाग्लेको पत्नी गंगादेवी उपाध्याय (TRC उजुरी दर्ता नं. ०४, २०७३।०१।१३)..........१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले कुटपिट गरी घाइते बनाई विस्थापित बनाएको रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं.११ निवासी खड्ग बहादुर बुढाथोकीको पत्नी पम्फा बुढाथोकी (TRC उजुरी दर्ता नं. १९३, २०७३।०१।२७, विषय अपहरण, कुटपिट, शारीरिक मानसिक यातना, अंगभंग, अपाङ्ग, सम्पत्ति क्षति, विस्थापित).................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका काभ्रे जिल्ला, बेथानचोक गाउँपालिका वडा नं.३ निवासी रुद्र प्रसादको छोरा (TRC उजुरी दर्ता नं. १३५७, २०७३।०२।३१) प्रेम प्रसाद घिमिरे..................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा हत्या गरिएका अर्जुन लामाको पत्नी काभ्रे जिल्ला, नमोबुद्ध गाउँपालिका वडा नं.४ निवासी पूर्णिमाया लामा (TRC उजुरी दर्ता नं.१४९२, मिति २०७३।२।२३)..........................१

सोलुखुम्बु जिल्ला, सोताङ गाउँपालिका वडा नं.१ निवासी बल बहादुर गुरुङको छोरा सशस्त्र द्वन्द्वकालमा २०५७ सालदेखि तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले अपहरण, कुटपिट, चन्दा असूली गरेको तथा राज्य पक्षले माओवादीलाई चन्दा दिएको निहुँमा असुरक्षित बनाई गाउँ छाडी जिल्ला सदरमुकाममा समेत बस्न नसकी सपरिवारलाई नै दुबै पक्षद्वारा दोहोरो मारमा पारी विस्थापित हुन बाध्य

पारिएका द्वन्द्व पीडित शिक्षक एवं TRC मा मानव अधिकार हनन शीर्षकमा उजुरी दर्ता नं. २१२, मिति २०७२।०२।२७ मा उजुरी दर्ता गरेका प्रेम कुमार गुरुङ्ग........................................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा सर्वस्वहरणसहित विस्थापित, यातना, अपहरण र फिरौती समेतको मारमा परी पीडित बनाइएका सम्मानित सर्वोच्च अदालतको मिति २०७१।११।१४ को फैसला कार्यान्वयनका लागि निवेदन दिएका र हाल पनि अचल सम्पत्ति माओवादीकै कब्जामा रहेका धनुषा जिल्ला, छिरेश्वर नगरपालिका वडा नं.६ निवासी बालाप्रसाद गिरीको छोरा र TRC मा अपहरण, फिरौती, विस्थापित, लुटपिट, यातनामा मिति २०७३।०२।३२ मा १५८४ मा उजुरी दर्ता गरेका चिरञ्जीवीबास गिरी...................................१

दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं.७ निवासी खडानन्द सुवेदीको छोरा द्वन्द्वकालमा माओवादीले थापेको एम्बुस (मिति २०५९।७।२८ लाँकुरी डाँडा हलहले दोलखा) मा परी अंगभंग भएका र TRC मा दर्ता नं.२९५०, २०७३।०४।१९ मा उजुरी दिएका कमल सुवेदी....................................१

निवेदक

## विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौं.....१

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................................................................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................१

वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, हरिहरभवन, ललितपुर.....................१

सत्य निरुपण तथा मेलमिलाप आयोग, काठमाडौं महानगरपालिका वडा नं. ४ हाँडीगाउँ, काठमाडौं (भीमसेन मार्ग घर नं. ९३४)........................................१

संघीय संसद नेपाल, काठमाडौं..........................................................................१

विपक्षी

नेपालको संविधानको धारा ४६, १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

## तथ्य खण्ड

१. आधिकारिक स्रोतका अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगमा द्वन्द्व पीडितका ६३,७१८ थान उजुरी दर्ता भएका छन्। सत्य निरुपण तथा मेलमिलाप आयोगको नियमित प्रकाशन (TRC Bulletin - वर्ष ५, अंक १, २०७९ वैशाख) अनुसार गत वर्ष २०७९ सालसम्म ३७८७ वटा उजुरी माथि मात्र प्रारम्भिक छानविन भएको अवस्था छ। हालसम्म जम्मा ८३ जना द्वन्द्व पीडितले द्वन्द्व पीडित परिचयपत्र प्राप्त गरेको तथ्याङ्क देखिन्छ। त्यसैगरी सत्य निरुपण तथा मेलमिलाप आयोगले विस्तृत छानविन गरेका उजुरीको संख्या एकिन नभए पनि निवर्तमान आयोगका अध्यक्ष गणेशदत्त भट्टले बिबिसि नेपाली सेवामा दिएको एक अन्तर्वार्तामा ५४७ थान उल्लेख गरेका छन्। सबैभन्दा बढी उजुरी सम्पत्ति क्षतिमा परेको र तामेलीमा राखिएका उजुरी संख्या २२०० चानचुन रहेको पाइन्छ। सत्य निरुपण तथा मेलमिलाप आयोगका सिफारिस गृह मन्त्रालयको राहत शाखामा अलपत्र परिरहेका छन्। संक्रमणकालीन न्याय संयन्त्र अन्तर्गत गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग २०७९ साल असार मसान्तदेखि पदाधिकारी विहिन छन्। दुवै आयोगका कर्मचारीहरु फुर्सदिला भएकैले अन्यत्र सरुवा माग गर्नु उनीहरुको बाध्यता बनेको छ। प्रशासनिक कार्यभन्दा बाँकी जिम्मेवारी उनीहरुलाई नदिएको भन्दै सम्बन्धित पीडितलाई आवश्यकता अनुसार सूचना प्रवाह गर्न पनि असमर्थता देखाउँछन्। विपक्षीहरुबाट सम्मानित सर्वोच्च अदालतबाट सत्य, न्याय, परिपूरण, अभियोजन, आयोग गठन प्रक्रिया र मापदण्डका विषयमा प्रतिपादित नजीर तथा कानूनी प्रावधानको उल्लंघन भै रहेको छ। हालकै ऐन (वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१) लाई परिणाममुखी बनाउन सम्मानित अदालतको आदेश अनुसार थप परिमार्जन र संशोधन गर्नुपर्ने बेलामा अनावश्यक संशोधनले सम्पूर्ण उपलब्धीहरु गुम्ने निश्चित छ। हामी निवेदकहरुका उजुरीहरु माथि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी रिक्त भएको बहानामा छानविन र कारवाही नगर्ने नगराउने, रोकेर स्थगनमा राख्ने सम्बन्धी कुनै कानूनी व्यवस्था नभएकोले विपक्षीहरुको त्यस्तो गैरकानूनी निर्णय तथा कार्यहरु उत्प्रेषणको आदेशले बदर गरी पाउँ। साथै विद्यमान कानूनी व्यवस्था बमोजिम बेपत्ता पारिएका व्यक्तिको

छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका कर्मचारीहरुले उजुरी छानविन गर्न नपाउने उल्लेख नभएकोले पदाधिकारी नियुक्त नभएको अवस्थामा उजुरी माथि आयोगका कर्मचारीहरुले छानविन गर्न नपाउने भन्ने व्यवस्था हटाई/संशोधन गरी गराई बिचाराधीन द्वन्द्व पीडितका उजुरी माथि आवश्यक अनुसन्धान र छानविनसम्बन्धी कार्यहरु विद्यमान बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा व्यवस्थित कानूनी प्रावधान बमोजिम निरन्तर रुपमा गर्नु गराउनु, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा प्रचलित कानून तथा सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम अध्यक्ष सहित पाँच–पाँच जना पदाधिकारीहरु तत्काल नियुक्त गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको निवेदक ज्ञानेन्द्र आरणसमेतले यस अदालतमा पेश गरेको निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जबाफ पेश गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्धमा प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाई हुँदाका बखत निरुपण हुनुपर्ने प्रकृतिको निवेदन देखिँदा अन्तरिम आदेश जारी गर्न मिलेन। कानूनबमोजिम गर्नुहोला। साथै, प्रस्तुत रिट निवेदनको विषयको प्रकृति एवम् गाम्भीर्यता तथा निवेदकहरुमध्येका कमल सुबेदी अपाङ्गसमेत भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार गरी पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०८०।०३।१९ को आदेश।

३. मिति २०७९ साउन १ गतेदेखि आयोगमा पदाधिकारीहरुको पद रिक्त रहको अवस्थालाई निवेदकले पनि स्वीकार गर्नुभएको छ। पदाधिकारी रिक्त रहेको अवस्थामा आयोगको सचिवालयले उजुरीहरुको व्यवस्थित अभिलेख राख्ने, प्रारम्भिक छानविनका काम गर्ने, आवश्यक कागजात एवम् विवरण संकलन गरी मिसिल संलग्न

गराउने, संक्रमणकालीन न्यायका सम्बन्धमा सरोकारवालाहरुसंग छलफल गर्ने, बेपत्ता पारिएका व्यक्तिको परिवारलाई लक्षित गरी सहयोगका कार्यक्रमहरु सञ्चालन गर्न प्रदेश तथा स्थानीय तहसंग समन्वय गर्नेसमेतका कार्य गरिरहेको छ। ऐनले अख्तियारी नदिएको विषयमा बाहेक अन्य विषयमा आयोगको सचिवालय क्रियाशिल नै रहेको छ। सोही क्रममा नेपालमा सशस्त्र द्वन्द्वको समयमा भएका व्यक्ति बेपत्ता पार्ने कार्यका प्रकृति, प्रवृत्ति एवम् स्वरुप, सो समयमा भएका मानव अधिकार उल्लंघनको अवस्था र भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनु पर्ने उपायहरुको बारेमा विज्ञहरुबाट अनुसन्धानमूलक अध्ययनसमेत गराइएको छ। आयोग सम्बन्धी ऐनले दिएको अख्तियारीको सिमाभित्र रही आयोगको सचिवालयबाट काम भैरहेको छ। यस आयोगले बेपत्ता पारिएको व्यक्तिको विषयमा परेको उजुरी उपर ऐन, नियमावली, निर्देशिका लगायतमा भएको व्यवस्थाहरु बमोजिम प्रारम्भिक छानविनको कार्यहरु गर्दै आएकोले निवेदकहरुको मागदावी बमोजिम छानविन र कारवाही नगर्ने नगराउने, रोकेर स्थगनमा राख्ने लगायतका कुनै पनि निर्णय तथा कार्यहरु आयोगबाट नभए नगरेको अवस्था छ। साथै निवेदकहरु आफैंले पनि आयोगका कर्मचारीले छानविन गर्न नपाउने कानून संसोधन गरी पाउँ भनी निवेदन दावी लिएको देखिंदा यसरी विरोधाभाष रुपमा आयोगलाई आक्षेप लगाउने कार्य कपोकल्पित छ। निवेदकले संसदमा विचाराधीन रुपमा रहेको आयोग सम्बन्धी संसोधन विधेयक छिटो पारित गर्न, आयोगका पदाधिकारी यथासिघ्र नियुक्त गर्न तथा पदाधिकारी नियुक्तिको लागि आवश्यक समिति समेत छिटो गठन गर्न, गराउन निवेदन दावी लिएको अवस्थामा सो कार्य नेपाल राज्यको विधायिकी तथा कार्यकारी अंगको जिम्मेवारी भित्र पर्ने र सो कार्य यस आयोगको क्षेत्राधिकार भित्र नपर्ने हुँदा यस आयोगको हकमा रिट निवेदन खारेज भागी भएकोले खारेज गरी पाउँ भन्नेसमेत बेहोराको बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगले यस अदालतमा पेश गरेको लिखित जवाफ।

४. विपक्षी निवेदकले दावी लिनु भएको विषयमा संघीय संसदको के कस्तो काम, कारवाहीबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। कसैका विरुद्ध कुनै कुराको दावी लिंदा तत्सम्बन्धमा रहेको संलग्नता र प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण निवेदनमा स्पष्टसँग उल्लेख गरिएको हुनु पर्दछ। सोको

अभावमा प्रत्यर्थी कायम गर्न र रिट जारी हुन सक्दैन। बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संसदबाट संविधान सम्मत विधायिकी प्रकृया पुरा गरी निर्माण गरिएको कानून भएकोले उक्त कानूनमा भएका व्यवस्थाहरु संविधानसम्मत नै भएको भनी विश्वास गर्नुपर्ने हुन्छ। सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी रिक्त भएको वहानामा छानविन र कारवाही नगर्ने नगराउने रोकेर स्थगनमा राखे सम्बन्धी कुनै कानूनी व्यवस्था नभएकोले विपक्षीहरुको त्यस्तो गैरकानूनी निर्णय तथा कार्यहरु उत्प्रेषणको आदेशले बदर गरी पाउँ। साथै विद्यमान कानूनी व्यवस्था बमोजिम बेपत्ता पारिएको व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका कर्मचारीहरुले उजुरी छानविन गर्न नपाउने उल्लेख नभएकोले पदाधिकारी नियुक्त नभएको अवस्थामा उजुरी माथि आयोगका कर्मचारीहरुले छानविन गर्न नपाउने भन्ने व्यवस्था हटाई/संशोधन गरी गराई विचाराधीन द्वन्द्व पीडितका उजुरी माथि आवश्यक अनुसन्धान र छानविन सम्बन्धी कार्यहरु विद्यमान वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा व्यवस्थित कानूनी प्रावधान बमोजिम निरन्तर रुपमा गर्नु गराउनु भनी जिकिर लिनु भएको छ। तत्सम्वन्धमा संवैधानिक प्रावधान, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको भावना लगायतका अन्य विषयलाई समेत ध्यानमा राखी मुलुकमा के-कस्तो कानून बनाउने वा भईरहेको कानूनमा के-कस्तो संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विधायिकी बुद्धिमता एवं क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएको र संसदले नेपालको संविधान एवं संसदीय विधि निवेदक र प्रकृया वमोजिम पारित गरेको ऐन रहेको हुँदा रिट निवेदन खारेज भागी छ। जहाँसम्म सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा प्रचलित कानून तथा सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम अध्यक्ष सहित भए पाँच-पाँच जना पदाधिकारीहरु तत्काल नियुक्त गर्नु गराउनु भनी जिकिर लिनु भएको छ। तत्सम्बन्धमा लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा राज्यका तीनवटै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्य संविधानद्वारा नै निर्दिष्ट गरिएको हुन्छ। नेपालको संविधानले पनि सोही तथ्यलाई आत्मसात गरी संविधानमै

राज्यका प्रमुख तीन अंगको छुट्टा छुट्टै भूमिका निर्धारण गरेको छ। विपक्षी रिट निवेदकले रिट निवेदनमा उठाउनु भएको विषय संघीय संसदको क्षेत्राधिकारभित्रको विषय नभएको र सो विषयमा संघीय संसद समेतलाई विपक्षी बनाउनु पर्ने आधार र कारण समेत नरहेकोले रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्नेसमेत बेहोराको संघीय संसद सचिवालयले यस अदालतमा पेश गरेको लिखित जवाफ।

५. प्रस्तुत निवेदनमा सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउनु, समाजमा मेलमिलाप गराई पारस्पारिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको लागि नेपाल सरकार समक्ष सिफारिश गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना भएको वेहोरा स्पष्ट नै छ। मिति २०७९।०४।०१ देखि हालसम्म यस आयोग पदाधिकारीहरु विहीन छ र पदाधिकारीहरु नियुक्ति हुन सकेको अवस्था छैन। आयोग पदाधिकारी विहीन हुँदा उजुरीहरुको छानबिन लगायतका महत्वपूर्ण काम कारवाही हुन सकेको छैन। आयोगमा पदाधिकारीहरु नियुक्ति भई आए पश्चात बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ मा रहेको कानूनी व्यवस्था बमोजिम यस आयोगमा दर्ता रहेका उजुरीहरुको सम्बन्धमा आवश्यक काम कारवाही हुने नै छ। निवेदकले रिट निवेदनको प्रकरण १२ मा यस आयोगका कर्मचारीहरुले पदाधिकारी रिक्त रहेको बहानामा छानविन र कारवाही नगर्ने नगराउने, रोकेर स्थगनमा राख्ने सम्बन्धी कुनै कानूनी व्यवस्था नभएको भन्ने कुरा उठाउनु भएको सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ (ख) मा आयोग भन्नाले दफा ३ बमोजिम गठन भएको आयोग सम्झनु पर्छ भनी व्यवस्था गरेको छ। दफा ३(२) मा आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पाँचजना सदस्यहरु रहने छन भन्ने व्यवस्था गरिएको छ। साथै यसरी गठित आयोगले दफा १३ को अधीनमा रही काम, कर्तव्य र अधिकारको पालना गर्ने भन्ने स्पष्ट व्यवस्था गरिएको छ। त्यसैगरी ऐनको दफा ३१ मा आयोगले आफ्नो काम कारवाही सुचारुरुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश

गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। हाल त्यस्ता उपसमिति वा कार्यटोली गठन गर्न आयोगमा पदाधिकारीहरु रिक्त रहेको अवस्थामा आयोगको आदेश वा निर्देशन बिना कर्मचारीले मात्र काम गर्न सक्ने अवस्था देखिँदैन। सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ३९ मा सचिवको काम, कर्तव्य र अधिकारमा आयोगको निर्णय कार्यान्वयन गर्ने लगायत आयोगको निर्देशन बमोजिमका अन्य कार्य गर्ने गराउने भनी स्पष्ट व्यवस्था गरेको छ। निवेदकले उठाए जस्तो उक्त बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ ले कर्मचारीलाई आयोग नभएको अवस्थामा निवेदन सम्बन्धमा छानविन र कारवाही गर्ने गराउने अधिकार नरहेको स्पष्ट छ। तथापी उक्त रिटको माध्यमद्वारा सम्मानित अदालतबाट कुनै आदेश वा आज्ञा जारी भई मार्ग निर्देश गरेको खण्डमा सोही बमोजिम हुने नै हुँदा हाललाई उक्त रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको सत्य निरुपण तथा मेलमिलाप आयोग नेपालले यस अदालतमा पेश गरेको लिखित जवाफ।

६. नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई सोही ऐन अन्तर्गत बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको छ। उल्लिखित आयोगहरूबाट सशस्त्र द्वन्द्वको समयमा भएका द्वन्द्वकालीन घटनाहरुको छानविन सम्बन्धी कार्य भइरहेको छ। यसरी सम्बन्धित आयोगबाट छानविन/अनुसन्धान भैरहेको विषय समेतमा वस्तुनिष्ठ आधार, कारण तथा प्रमाण बिना यस मन्त्रालयलाई विपक्षी बनाई दायर

भएको प्रस्तुत रिट निवेदन यस मन्त्रालयको हकमा खारेज भागी छ, खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयले यस अदालतमा पेश गरेको लिखित जवाफ।

७. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यस पछि "ऐन" भनीएको) को दफा ३ मा रहेको सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने काम समेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रूपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्नेछ भन्ने प्रावधान बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल तथा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (यस पछि आयोग" भनीएको) को गठन भएको हो। ऐनको दफा १३ को उपदफा (१) मा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, पीडित तथा पीडकको यकीन गर्ने, पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने, पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने, मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने, पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने भनी आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। नेपाल सरकार शान्ति प्रक्रियाका समग्र विषयलाई यथाशीघ्र टुंगोमा पुऱ्याउनका लागि सदैव प्रयत्नशील रहेको र सम्मानित सर्वोच्च अदालतको फैसला, अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानूनका विश्वव्यापी मान्यता, विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान र पीडितका अधिकारलाई केन्द्रबिन्दुमा राखी नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न तयार गरेको विधेयक संघीय

संसदमा पेश गरिसकेको छ। साथै आयोगमा पदाधिकारीहरु नियुक्ति भई आए पश्चात् ऐनको व्यवस्था बमोजिम आयोगमा दर्ता भई छानबिन तथा अनुसन्धानका क्रममा रहेका उजुरीहरु उपरको बाँकी काम कारबाही अगाडि बढी टुंगोमा पुग्ने नै देखिन्छ। विपक्षी रिट निवेदकले रिट निवेदनको प्रकरण नं. १२ मा हामी निवेदकहरुका उजुरी उपर आयोगमा पदाधिकारी रिक्त रहेको बहानामा छानबिन र कारबाही नगर्ने, नगराउने तथा विद्यमान कानूनी व्यवस्था बमोजिम आयोगका कर्मचारीले उजुरी छानबिन गर्न नपाउने उल्लेख नभएकोले पदाधिकारी नियुक्त नभएको अवस्थामा उजुरीमाथि आयोगका कर्मचारीले छानबिन गर्न नपाउने भन्ने व्यवस्था हटाई विचाराधीन द्वन्द्व पीडितका उजुरीमाथि आवश्यक अनुसन्धान र छानविन सम्बन्धी कार्यहरु- ऐनमा व्यवस्थित कानूनी प्रावधान बमोजिम निरन्तर रुपमा गर्नु गराउनु तथा सम्मानित अदालतको फैसला बमोजिम आयोगमा पदाधिकारी नियुक्तिका लागि परमादेश जारी गरी पाउँ भनी दावी लिएको विषयका सम्बन्धमा ऐनको दफा २ को खण्ड (ख) मा आयोग भन्नाले दफा ३ बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग वा सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ भन्ने व्यवस्था रहेको, दफा ३ को उपदफा (२) मा आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पाँचजना सदस्यहरु रहने छन् भन्ने व्यवस्था रहेको तथा दफा १३ मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ। आयोगले ऐनको दफा १३ बमोजिमका काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था गरिएको अवस्थामा आयोगका पदाधिकारीबाट हुने काम, कारबाही तत्कालमा आयोग पदाधिकारी विहीन भएका अवस्थामा आयोगका कर्मचारीबाट अगाडि बढाउनका लागि विपक्षीले लिएको दावी कानूनतः मिल्ने देखिँदैन। त्यसैगरी ऐनको दफा ३१ मा आयोगले आफ्नो काम कारवाही सुचारु रुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। हाल त्यस्ता उपसमिति वा कार्यटोली गठन गर्न आयोगमा पदाधिकारीहरु रिक्त रहेको अवस्थामा आयोगको आदेश वा निर्देशन बिना कर्मचारीले मात्र काम गर्न सक्ने अवस्था देखिँदैन। सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ३९ मा आयोगका सचिवको काम, कर्तव्य र अधिकार

सम्बन्धी व्यवस्था अन्तर्गत सचिवले आयोगको निर्णय कार्यान्वयन गर्ने लगायत आयोगको निर्देशन बमोजिमका अन्य कार्य गर्ने गराउने भनी स्पष्ट उल्लेख छ। यसबाट समेत निवेदकले रिट निवेदनमा उठान गरे जस्तो बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ ले कर्मचारीलाई आयोगका पदाधिकारी नभएको अवस्थामा उजुरी निवेदन उपरको छानबिन गरी कारबाही गर्ने गराउने सम्बन्धमा अधिकार दिएको देखिँदैन। अतः उल्लिखित आधार तथा कारणबाट विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस अदालतमा पेश गरेको लिखित जवाफ।

८. सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने समेतको उद्देश्यले बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "ऐन भनीएको) कार्यान्वयनमा रहेको छ।ऐनको दफा ३ मा आयोगको गठन सम्बन्धी व्यवस्था गरी उपदफा (३) मा अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न पूर्व प्रधान न्यायाधीशहरु मध्येबाट नेपाल सरकारले तोकेको व्यक्तिको अध्यक्षतामा पाँच सदस्यीय सिफारिस समिति रहने व्यवस्था छ। ऐनको दफा ४ मा अध्यक्ष तथा सदस्यको योग्यता र दफा ५ मा अयोग्यता सम्बन्धी व्यवस्था तथा दफा ६ मा अध्यक्ष तथा सदस्यको पदावधि सम्बन्धी व्यवस्था गरी सो दफाको उपदफा (१क) मा दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न वा दफा ४ बमोजिमको योग्यता भएका अन्य व्यक्तिलाई दफा ३ बमोजिम नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ। ऐनको दफा ३८ मा आयोगको कार्यावधि

सम्बन्धी व्यवस्था रहेकोमा सो दफाको उपदफा (१) र (२) बमोजिमको कार्यावधि समाप्त भएको तर आयोगबाट सम्पन्न हुनु पर्ने शान्ति प्रक्रियाको काम बाँकी नै रहेकोले नेपाल सरकारले ऐनको दफा ४२ को बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गरी आयोगहरुको कार्यावधि थप गरी संवत् २०८० साल पुस मसान्तसम्म कायम गरेको अवस्था छ। नेपालको संविधान, प्रचलित कानून, अन्तर्राष्ट्रिय कानूनका मूल्य मान्यता, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा नेपाल सरकारका नाममा जारी भएका निर्देशनात्मक आदेश समेतका आधारमा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याई सशस्त्र द्वन्द्वबाट पीडित पक्षलाई न्याय दिलाउन तथा परिपूरणको व्यवस्था गर्न नेपाल सरकार सचेत तथा क्रियाशील रहेको छ। शान्ति प्रक्रियाको कामलाई टुङ्गोमा पुऱ्याउनका लागि दुई पटक सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी नियुक्त भई निजहरुको पदावधि समाप्त भएको अवस्था छ। यसै क्रममा संक्रमणकालीन न्यायका मूलभूत मान्यता तथा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको निर्देशानात्मक आदेश समेतका आधारमा शान्ति प्रक्रियालाई पीडितमैत्री रुपमा टुङ्गोमा पुऱ्याउन नेपाल सरकारले सङ्घीय संसदमा "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" पेश गरेको र उक्त विधेयक प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलको क्रममा रहेको छ। उक्त विधेयकमा मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषा गर्ने, परिपूरणलाई अधिकारको रुपमा स्थापित गर्नुको साथै संक्रमणकालिन न्यायका समग्र विषयलाई सम्बोधन गर्ने प्रयास गरेको छ। उक्त विधेयक सार्वभौम संसदमा विचाराधीन रहेको र सार्वभौम संसदबाट विधेयक पारित हुँदाको वखत निवेदकले उठान गरेको कतिपय विषयहरु सम्बोधन हुने भएकोले प्रस्तुत सम्बन्धमा सम्मानित अदालतबाट आदेश जारी हुनु पर्ने होइन। साथै सो विधेयकमा ऐनको दफा ६ र दफा ३८ मा समेत संशोधनको प्रस्ताव गरिएको हुँदा उक्त विधेयक पारित भएपछि आयोगका पदाधिकारी नियुक्त गरी आयोगका काम कारबाही अघि बढाई शान्ति प्रक्रियाको बाँकी कामलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउन नेपाल सरकार क्रियाशील रहेको छ। जहाँसम्म पदाधिकारी नियुक्त नभएको अवस्थामा उजुरीमाथि आयोगका कर्मचारीहरुले छानबिन गर्ने विषय

छ, तत्सम्बन्धमा ऐनमा आयोगबाट सम्पादन हुने कामको सम्बन्धमा प्रष्ट व्यवस्था गरिएको र संक्रमणकालीन न्यायसँग जोडिएको विषय विशिष्ट प्रकृतिको भएकोले आयोगबाट सम्पादित हुने कामलाई कर्मचारीबाट गर्नु गराउनु भनी जिकिर लिनु उपयुक्त देखिंदैन। साथै प्रचलित कानून बमोजिम प्राप्त अधिकार तथा तोकिएको जिम्मेवारीका आधारमा आयोगका कर्मचारीबाट सम्पादन हुने काम कारबाहीको विषयमा यस मन्त्रालयलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्नु पर्ने पनि होइन। निवेदनमा लिइएका अन्य जिकिरका सम्बन्धमा प्रत्यर्थी बनाइएका सम्बन्धित निकायबाट पेश हुने लिखित जवाफबाट थप प्रष्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा थप उल्लेख गरिरहनु परेन। अतः उल्लिखित आधार तथा कारणबाट रिट निवेदन खारेज गरी पाउँ भन्नसमेत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले यस अदालतमा पेश गरेको लिखित जवाफ।

## आदेश खण्ड

९. नियमबमोजिम मुद्दा पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

१०. निवेदकहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री मनोहर लामिछाने, श्री राजीव बास्तोला, श्री, त्रिलोक बहादुर चन्द र श्री ज्ञानेन्द्रराज आरणले लामो समयसम्म पनि संक्रमणकालीन न्याय पुरा हुन नसकेको, हाल बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा पदाधिकारी नभएकाले छानबिनको काम हुन नसकेको हुँदा यस अदालतबाट भएका फैसलाबमोजिम यी दुवै आयोगका अध्यक्ष सहितका सबै पदाधिकारीहरु तत्काल नियुक्त गर्नु गराउनु भनी र त्यसरी पदाधिकारी नियुक्त नभएको अवस्थामा कर्मचारीहरुले उजुरी छानविन गर्न नपाउने व्यवस्था हटाई/संशोधन गरी गराई विचाराधीन द्वन्द्व पीडितका उजुरी माथि आवश्यक अनुसन्धान र छानविन सम्बन्धी कार्यहरु निरन्तर रुपमा गर्नु गराउनु, भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

११. त्यसैगरी विपक्षीहरुको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री गोबिन्द खनालले शान्ति प्रक्रियाको कामलाई टुङ्गोमा पुऱ्याउनका लागि दुई पटक सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको

छानबिन आयोगमा पदाधिकारी नियुक्त भई निजहरुको पदावधि समाप्त भएको अवस्था छ। नेपाल सरकारले सङ्घीय संसदमा "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" पेश गरेको र उक्त विधेयक प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलको क्रममा रहेको छ। सार्वभौम संसदबाट विधेयक पारित हुँदाको वखत निवेदकले उठान गरेको कतिपय विषयहरु सम्बोधन हुने भएकोले निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन। निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१२. यसमा, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी रिक्त भएको बहानामा छानविन र कारवाही नगर्ने नगराउने, रोकेर स्थगनमा राख्ने सम्बन्धी कुनै कानूनी व्यवस्था नभएकोले विपक्षीहरुको त्यस्तो गैरकानूनी निर्णय तथा कार्यहरु उत्प्रेषणको आदेशले बदर गरी पदाधिकारी नियुक्त नभएको अवस्थामा प्रचलित कानूनबमोजिम निरन्तर रुपमा छानबिन कार्य गर्नु गराउनु र यी दुवै आयोगमा प्रचलित कानून तथा सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम पदाधिकारीहरु तत्काल नियुक्त गर्नु गराउनु भनी परमादेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेकोमा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ ले कर्मचारीलाई आयोगका पदाधिकारी नभएको अवस्थामा उजुरी निवेदन उपरको छानबिन गरी कारबाही गर्ने गराउने सम्बन्धमा अधिकार नदिएको, शान्ति प्रकृयालाई निष्कर्षमा पुराउन नेपाल सरकार क्रियाशील रहेको, कानून संशोधनका लागि संसदमा विधेयक पेश भई बिचाराधिन रहेको र आयोगका पदाधिकारी नियुक्ति भई आएपछि छानबिनको कार्य अगाडी बढ्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीहरुको छुट्टाछुट्टै लिखित जवाफ रहेको देखियो।

१३. उल्लिखित निवेदन, लिखित जवाफ र दुवै पक्षको बहस जिकिर रहेको प्रस्तुत निवेदनमा देहायका विषयमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियो।

**(क) नेपालमा सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको उल्लङ्घनका घटनाका सम्बन्धमा के कसरी सम्बोधनको व्यवस्था गरिएको छ ?**

(ख) **नेपालको संक्रमणकालीन न्यायसम्बन्धी आयोग गठन सम्बन्धमा के कस्ता कानूनी व्यवस्था रहेका छन् ?**

(ग) **आयोगमा पदाधिकारी नियुक्ति नभएको अवस्थामा त्यहाँ कार्यरत कर्मचारीबाट आयोगका काम सुचारु हुन सक्छन् वा सक्दैनन् ?**

(घ) **निवेदन माग बमोजिम उत्प्रेषण समेतको आदेश जारी हुने हो होईन?**

१४. निर्णयतर्फ विचार गर्ने क्रममा पहिलो प्रश्न अर्थात **नेपालमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको उल्लङ्घनका घटनाका सम्बन्धमा के कसरी सम्बोधनको व्यवस्था गरिएको छ ?** भन्ने सम्बन्धमा हेर्दा, नेपालमा २०५२ साल फाल्गुण १ देखि २०६३ मार्ग महिनासम्म भएको सशस्त्र द्वन्द्वलाई समाप्त गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच मिति २०६३ साल मंसिर ५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो। उक्त सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख छ।

१५. यसरी नै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुलाई राहत उपलब्ध गराउने तथा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख भएको थियो।

१६. उल्लिखित नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ र विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा गरिएको व्यवस्था, सो संविधान तथा बिस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा

सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन सम्बन्धमा आवश्यक व्यवस्था गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई प्रचलनमा रहेको छ।

१७. नेपालको वर्तमान संविधानको धारा ३०४ को उपधारा (२) मा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम शान्ति प्रक्रिया सम्बन्धी कार्यहरु यसै संविधान बमोजिम भए गरेको मानिने भन्ने व्यवस्था रहेको छ। यस व्यवस्थाले यस संविधानले शान्ति प्रक्रियाबारे अन्तरिम संविधान अन्तर्गत भएका कामको स्वामित्व ग्रहण गरेको र शान्ति प्रक्रियाका कामलाई संवैधानिक मान्यता प्रदान गरेको देखिन्छ।

१८. नेपालको संविधानको प्रस्तावनामा *राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै* भन्ने उल्लेख भएको छ। यसरी नै धारा ४२ को उपधारा (५) *नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ* भन्ने व्यवस्था छ।

१९. उल्लिखित बृहत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान तथा प्रचलित कानूनी व्यवस्थाबमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग मिति २०७१ साल माघ २८ गते गठन भएको भएपनि यी आयोगहरुलाई निर्दिष्ट गरिएको जिम्मेवारी हालसम्म सम्पन्न हुन सकेको छैन यी आयोगहरुको गठनले संक्रमणकालीन न्यायका कार्य प्रारम्भ भएको भएपनि त्यसले पूर्णता पाउन नसकेको अवस्था छ। यी आयोगमा केही समय पदाधिकारी रहने केही

समय पदाधिकारी बिहिन भएको अवस्थाबाट गुज्रेको र हाल मिति २०७९।३।३१ देखि पदाधिकारी बिहिन अवस्था रहेको देखिन्छ। यसरी आयोग पदाधिकारी बिहिन अवस्थामा हुँदा संक्रमणकालीन न्यायको कार्य सम्पन्न गर्ने र पीडितको न्यायको अधिकारको सुनिश्चित गर्ने कुरामा बाधा पुग्न गएको देखिन्छ। फलतः द्वन्दबाट पीडितहरु लामो समयदेखि व्यग्रतापूर्वक न्यायको पर्खाइमा रहनु परेको कारुणिक अवस्था छ। द्वन्दबाट पीडितहरुको न्यायको अधिकारको संवोधनको विषय मृग मरिचिका जस्तै बनेको छ। उनीहरु आर्थिक, सामाजिक, सांस्कृतिक, मानसिक र कानुनी समस्याहरुबाट पनि आक्रान्त छन।

२०. अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनले *प्रत्येक व्यक्तिलाई अपराध निर्धारण गर्दा निष्पक्ष र स्वतन्त्र न्यायिक निकायबाट स्वच्छ तथा सार्वजनिक सुनुवाइ हुनेछ* भन्ने अधिकारको प्रत्याभूति गरेको छ।[1] यसरी नै नेपालको संविधानको धारा २० मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरेको छ। प्रत्येक व्यक्तिको स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने भएकाले सशस्त्र द्वन्दबाट पीडितहरुले पनि यस हकको निर्वाध उपभोग गर्न पाउने हुन्छन्। द्वन्द पीडितको स्वच्छ न्यायको हकलाई संरक्षण, व्यवहारमा प्रत्याभूत र सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ।

२१. स्वच्छ न्यायमा शीघ्र न्याय पाउने कुरा पनि पर्दछ। बिलम्बले न्यायलाई पराजित गर्दछ भन्ने मान्यता राखिने भएकाले न्यायमा बिलम्ब भएमा न्यायको परिणाम प्राप्त हुँदैन। नागरिक र राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ले[2] फौजदारी अभियोगमा मुद्दा चलेको हरेक व्यक्तिले "अनुचित विलम्व वेगरको सुनुवाई" **(Right to be tried without undue delay)** को हक दावी गर्न पाउँदछ। यही हकलाई मानवअधिकार सम्बन्धी विभिन्न क्षेत्रीय महासन्धिहरुले "उचित समयभित्र सुनुवाई" **(Right to be heard within a reasonable time)** गरिने हक भनी त्यस्तो हक हरेक व्यक्तिलाई हुनेछ भनेको पाईन्छ ।[3] शीघ्र न्याय पाउने अधिकार पीडितको पनि हो।

---

[1] यस्ता कानूनमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १०, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६ को धारा १४(१), बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ४० लगायतका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि रहेका छन् ।

[2] धारा १४(३)(ग)

[3] African Charter Art 7(1) ; American Convention Art 8(1); and European Convention Art 6(1)

२२. यसरी नै नेपालको संविधानको धारा २१ मा अपराध पीडितलाई आफु पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने र अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने मौलिक हकको प्रत्याभुत गरिएको छ। द्वन्द्व पीडितहरुको स्वच्छ न्यायको अधिकार, आफू पीडित भएको विषयमा जानकारी पाउने अधिकार र सामाजिक पुनःस्थापना, क्षतिपूर्ति तथा परिपूरण लगायतका मानव अधिकार कानून र संविधानद्वारा प्रत्याभूत अधिकारहरु राज्यको स्वविवेकीय अधिकारको विषय नभई बाध्यात्मक रुपमा पालना गर्नुपर्ने दायित्वका विषय हुन्। यी दायित्व निर्वहनबाट राज्यलाई बिचलित वा बिमुख हुने छुट हुन सक्दैन।

२३. सशस्त्र द्वन्द्वका कारणहरु जे जस्ता भएपनि त्यस्तो द्वन्दका समयमा ब्यापक रुपमा मानव अधिकारको उल्लंघन भएको हुन्छ। शान्तिकाल वा द्वन्दकाल जे भएपनि यस अवधिमा भएका मानव अधिकार उल्लंघनका घटनामा पीडितले न्याय पाउने अधिकार राख्दछन्। त्यसरी द्वन्दकालमा भएका मानव अधिकारको गम्भीर उल्लंघनको बिषयलाई संवोधन गर्ने माध्यमको रुपमा संक्रमणकालीन न्यायलाई लिइन्छ। संक्रमणकालीन न्याय विगतमा व्यापक रुपमा भएका मानव अधिकारको उल्लंघनका सम्बन्धममा त्यस्तो कार्यका लागि जिम्मेवार बनाउने, न्याय र मेलमिलापलाई सुनिश्चित गर्ने सन्दर्भमा एक पूर्ण रुपको प्रकृया र संयन्त्रको समष्टि हो।[४]

२४. बिगतमा भएको द्वन्दको समयमा भएको मानव अधिकार उल्लंघनको सम्बोधन गर्न तथा उपचार प्रदान गर्न यस प्रकारको संक्रमणकालीन न्यायमा विभिन्न अदालती तथा गैरअदालती उपायहरुको अबलम्बन गरिन्छ। संक्रमणकालीन न्यायको कुनै न कुनै स्वरुप प्राचिन कालमा पनि पाइन्थ्यो। तथापी संक्रमणकालीन न्यायको अवधारणा प्रथम विश्वयुद्ध पछि बिजारोपण भई दोस्रो विश्वयुद्धपछि युद्धमा भएका ज्यादतीहरुका सम्बन्धमा युद्ध अपराधीलाई कारबाही गर्ने अभिप्रायबाट बिजेता राज्यहरुले न्युरेम्बर र टोकीयो ट्रिबुनलहरु गठन भएपछि आधुनिक रुपको संक्रमणकालीन न्यायको

---

[४] Annan, K., UN Secretary-General (2004), The Rule of Law in Conflict and Post-Conflict Societies, NY: United Nations. http://www.ipu.org/splz-e/unga07/law.pdf हेरिएको मिति २०८०।११।४
The notion of transitional justice comprises the full range of processes and mechanisms associated with a society attempts to come to terms with a legacy of large-scale past abuses, in order to ensure accountability, serve justice and achieve reconciliation. These may include both judicial and non-judicial mechanisms, with differing levels of international involvement (or none at all) and individual prosecutions, reparations, truth-seeking, institutional reform, vetting and dismissals, or a combination thereof.

अवधारणाको सुरुआत भएको मानिन्छ। दोस्रो विश्वयुद्ध पछी विभिन्न मुलुकमा घटित द्वन्द्वमा मानव अधिकारका गम्भीर उल्लंघनका घटनामा दोषिलाई कारबाहीहरु गरिएका छन्।[४] संक्रमणकालीन न्यायको प्रयोग सन् १९८० को दशक देखि घनिभूत रुपमा भएको देखिन्छ। यसै बेलादेखि संक्रमणकालीन न्यायको मर्म र भावना अनुरुप आवश्यक संस्थागत संयन्त्रहरु विकास गरिएको पाइन्छ।[५]

२५. अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी विभिन्न कानूनी व्यवस्थाहरु तथा संयुक्त राष्ट्रसंघका विभिन्न दस्तावेजहरु संक्रमणकालीन न्यायका सन्दर्भमा सान्दर्भिक हुने र तत्सम्बन्धमा आधार प्रदान गरेको देखिन्छ।[७] अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा

---

[४] यस किसिमका राज्यहरुमा रसिया, भियतनाम, चिली, फिलिपिन्स, कंगो, बङ्गलादेश, युगाण्डा, इराक, इण्डोनेसिया, एल साल्भाडोर, बुरुण्डी, अर्जेन्टिना, सोमालिया, पूर्वी टिमोर, क्याम्वोडिया, सिरालियोन, पूर्व युगोस्लाभिया, रूवाण्डा आदीलाई लिन सकिन्छ।

[५] सन् १९८३ मा अर्जेण्टिनामा, सन् १९९० मा चिलीमा संक्रमणकालीन न्यायको संस्थागत प्रवन्धको रुपमा आयोग गठन भएको पाइन्छ। सन् १९९४ मा दक्षिण अफ्रिकामा सत्य आयोग बनेको थियो। यसपछी ल्याटिन अमेरिका, अफ्रिका, एशिया र पूर्वी यूरोप लगायत द्वन्द भएका मुलुकमा यस किसिमका आयोग स्थापना गर्ने कार्य भएको देखिन्छ।

[७] यस्ता दस्तावेजहरुमा देहायबमोजिम छन्।

- The Charter of the United Nations
- The Universal Declaration of Human Rights 1948, Article 8
- The International Covenant on Civil and Political Rights1966, Article 2
- The International Convention for the Protection of All Persons from Enforced Disappearance 2006, Article 23 and 24
- The Convention against Torture and Other Cruel, Inhuman, Degrading Treatment or Punishment,1984 Article 2, 3, 4, 6, 5, 7, 11 and 12
- The International Convention on the Elimination of All Forms of Racial Discrimination 1965,Article 6
- The Convention on the Rights of the Child 1989,Article 39
- The updated set of principles to combat impunity (E/CN.4/2005/102/Add.1), (Principles 2, 5, 19, 21, 22 and 35)
- Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law, Resolution adopted by General Assembly on 16th December 2005, available at https://www.ohchr.org/sites/default/files/2021-08/N0549642.pdf

Related documents

- The rule of law and transitional justice in conflict and post-conflict societies, Report of the Secretary-General
- Uniting our strengths: Enhancing United Nations support for the rule of law, Report of the Secretary-General
- Promotion and protection of human rights study by the office of the United Nations high commissioner for human rights on human rights and transitional justice activities undertaken by the human rights components of the United Nations system
- Guidance Note of the Secretary-General – United Nations Approach to Transitional Justice
- Guidance Note of the Secretary-General on reparations for Conflict-Related Sexual Violence
- Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power
- Report of the independent expert to update the Set of principles to combat impunity, Diane Orentlicher (E/CN.4/2005/102/Add.1)

भएको व्यवस्था अनुसार मानव अधिकारको उल्लघंनका पीडितलाई प्रभावकारी रुपमा उपचार प्रदान गर्नु र उनीहरुलाई सत्य, न्याय र परिपूरणका सम्बन्धमा सन्तुष्ट पार्नुपर्ने राज्यको दायित्व हो। संयुक्त राष्ट्रसंघको महासभाबाट पारित Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law सम्बन्धी प्रस्तावमा[८] पीडितहरुसंग मानवीय मर्यादा र सम्मानका साथ व्यवहार हुनुपर्ने,उनीहरुको सुरक्षाका लागि उपयुक्त व्यवस्था गर्नुपर्ने लगायतका प्रवन्ध राज्यले गर्नुपर्ने उल्लेख गर्दै पीडितको न्यायमा समान र प्रभावकारी पहुँच, उनीहरुलाई भएको क्षति वा नोक्सानीको तत्काल, पर्याप्त र प्रभावकारी परिपूरण र उल्लंघन तथा परिपूरुणसंग सम्बन्धित संयन्त्रको सूचनामा पहुँच जस्ता पीडितका अधिकार हुने व्यवस्था गरेको देखिन्छ।[९] मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून र संक्रमणकालीन न्याय सम्बन्धमा संयुक्त राष्ट्रसंघले विकास गरेको मान्यता, मापदण्ड र मार्गदर्शन अनुरुप द्वन्दबाट पीडितका अधिकारलाई राज्यले अनुचित बिलम्बन बिना प्रभावकारी रुपमा संरक्षण र व्यवहारिक रुपमा प्रत्याभूत गर्नै पर्ने हुन्छ। पीडितको अधिकारलाई लामो समयसम्म सम्बोधन नगरी उदासिन भएर उनीहरुका अधिकारलाई उपेक्षा गर्ने छुट राज्यलाई हुन सक्दैन।

---

- CCPR general comment No. 31, the Nature of the General Legal Obligation Imposed on States parties to the Covenant (CCPR/C/GC/31)
- CCPR general comment No. 32, Article 14: Right to equality before courts and tribunals and to a fair trial (CCPR/C/GC/32)
- Working Group on Enforced or Involuntary Disappearances, general comment on the Right to the Truth in Relation to Enforced Disappearances (A/HRC/16/48)

[८] यो प्रस्ताव महासभाबाट १६ डिसेम्बर २००५ मा स्वीकार गरिएको हो ।

[९] Victims should be treated with humanity and respect for their dignity and human rights, and appropriate measures should be taken to ensure their safety, physical and psychological well-being and privacy, as well as those of their families. The State should ensure that its domestic laws, to the extent possible, provide that a victim who has suffered violence or trauma should benefit from special consideration and care to avoid his or her re-traumatization in the course of legal and administrative procedures designed to provide justice and reparation. VII. Victims' right to remedies 11. Remedies for gross violations of international human rights law and serious violations of international humanitarian law include the victim's right to the following as provided for under international law: (a) Equal and effective access to justice; (b) Adequate, effective and prompt reparation for harm suffered; (c) Access to relevant information concerning violations and reparation mechanism, available at https://documents.un.org/doc/undoc/gen/n05/496/42/pdf/n0549642.pdf?token=qET9njnnjFqpeKxSTr&fe=true हेरिएको मिति २०८०।११।४

२६. दोस्रो प्रश्न अर्थात **नेपालको संक्रमणकालीन न्यायसम्बन्धी आयोग गठन सम्बन्धमा के कस्ता कानूनी व्यवस्था रहेका छन् ?** भन्ने सम्बन्धमा हेर्दा, आयोग गठन सम्बन्धमा देहायको कानूनी व्यवस्था रहेको छ।[१०]

१. सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने काम समेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रुपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नेछ।

२. आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पाँचजना सदस्यहरु रहने छन्।

३. अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः–

(क) पूर्व प्रधान न्यायाधीशहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति – अध्यक्ष

(ख) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य – सदस्य

(ग) मानव अधिकारवादी,मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिलाअधिकारकर्मी वा शान्तिप्रक्रियामा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारलेमनोनयन गरेको कम्तीमाएकजना महिला सहित तीनजना– सदस्य

४. उपदफा (३) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम अध्यक्ष र सदस्य हुन योग्य व्यक्तिहरु मध्येबाट अध्यक्ष तथा सदस्यको नाम नियुक्तिको लागि सिफारिस गर्नेछ।

[१०] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३

५. उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नु अघि निजहरुको सार्वजनिक छनौट प्रक्रिया निर्धारण गरी त्यस्तो छनौट प्रक्रिया सार्वजनिक रुपमा प्रकाशन समेत गर्नु पर्नेछ।

२७. संक्रमणकालीन न्यायका सन्दर्भमा यस अदालतबाट विभिन्न मितिमा विभिन्न मार्गदर्शन गर्दै आएको छ। यस अदालतबाट नेपालको अन्तरिम संविधान, २०६३, बृहत शान्ति सम्झौता, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र मानवीय कानून एवम् तिनका सन्दर्भमा संयुक्त राष्ट्रसंघीय समिति एवम् संयुक्त राष्ट्रसंघ समर्थित अन्तर्राष्ट्रिय अदालतहरू, क्षेत्रीय मानव अधिकार कानूनहरू एवम् सो समर्थित क्षेत्रीय मानवअधिकार अदालतहरू, तथा विभिन्न मुलुकका सर्वोच्च न्यायिक निकायबाट गरिएका व्याख्यासमेतको तुलनात्मक विश्लेषणका आधारमा सङ्क्रमणकालको दीर्घकालीन व्यवस्थापनका निमित्त बेपत्ता छानबिनसम्बन्धी आयोग एवम् सत्य निरूपण र मेलमिलाप आयोगको गठन, ती आयोगहरूको गठन, स्वायत्तता, निष्पक्षता, क्षेत्राधिकार र अवलम्बन गर्नुपर्ने कार्यविधि र राज्यले अख्तियार गर्नुपर्ने नीतिगत र प्रबन्धकीय कुराहरू लगायत संक्रमणकालीन न्यायका सन्दर्भमा मार्गदर्शन तथा कानून निर्माण वा संशोधन गर्न आदेशहरु जारी गर्दै आएको छ। त्यस्ता केही आदेश यहाँ प्रस्तुत गरिएको छ।

- **सुमन अधिकारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भएको रिटमा**[11] *जनताको हक अधिकारको रक्षा गरी न्याय गर्ने प्रयोजनका लागि अदालतबाट विभिन्न महत्त्वपूर्ण अवसरमा जारी भएका निर्णय, आदेश एवम् निर्देशनहरू न्यायका सर्वोपरि आवश्यकतानुरूप गरिएका हुँदा तिनको सम्मान गर्नु कानूनी राज्यको धर्म निर्वाहको अभिन्न अङ्गको रूपमा लिनुपर्ने संवैधानिक बाध्यता हो। ती निर्णय, आदेश, निर्देशनको उपेक्षा गरी अर्को अङ्गले बेग्लाबेग्लै वा विपरीत दिशामा हिंड्ने कोशिस गर्ने हो भने कानूनी राज्य सुचारू हुन सम्भव नहुने। यस अदालतबाट पटकपटक गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई न्यायको दायरामा ल्याई पीडितलाई न्यायको महसुस गराउन र दण्डहीनता अन्त्य गर्न राज्यका नाममा आदेश जारी भैरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको*

[11] नेपाल कानुन पत्रिका २०७१, अंक १२, निर्णय नम्बर ९३०३

उपेक्षा र उल्लङ्घन गरिरहने प्रवृत्ति र संस्कृतिले विधिको शासनको मात्र अवमूल्यन गरेको होइन स्वयम् लोकतन्त्रकै खिल्ली उडाएको छ।

- दुवै आयोगहरूले काम गर्दैजाँदाको अवस्थामा समेत थप जटिलता वा द्विविधाहरू आउन सक्तछन्। यस स्थितिमा राज्यको कानूनबाट स्थापित त्यस्ता आयोगहरूले पनि संविधान, कानून, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून तथा न्यायका मान्य सिद्धान्तहरूलाई ध्यान दिनैपर्ने हुन्छ। साथै यस अदालतबाट जारी भएका आदेशहरूले पनि संवैधानिक कानूनको अङ्ग र न्यायिक मूल्यमान्यताकै स्थान लिएका हुन्छन्। त्यसैले संवैधानिक परम्पराको रूपमा रहेका त्यस्ता आदेशहरू आयोगहरूका लागि आफ्नो कार्यसञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा रहन्छन्।
- **गोविन्दप्रसाद शर्मा "बन्दी" विरुद्ध महान्यायाधिवक्ता मुक्ति नारायण प्रधान भएको रिटमा** [१२] मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ८ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा २ को उपधारा ३ ले मानव अधिकारको उल्लङ्घनको प्रभावकारी उपचारको सुनिश्चितता गर्ने अन्तर्राष्ट्रिय दायित्व सिर्जना गरेको पाइन्छ। संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को पक्ष राष्ट्र भएकोले त्यस प्रकारको उपचारको सुनिश्चितता गर्नु नेपाल राज्यको दायित्व हुन आउँदछ। आफू विरूद्ध भएको अन्यायको उपचार खोज्न पीडित पक्ष पूर्णरूपमा सार्वभौम र स्वतन्त्र रहन्छन्। प्रचलित कानून र स्थापित न्यायिक मूल्य मान्यताका आधारमा उचित प्रक्रियाको अवलम्बन गरी पीडित पक्षले न्यायको अनुभूति गर्ने गरी फौजदारी कसूरको अनुसन्धान र अभियोजन गरिएन भने त्यस्तो समाजमा द्वन्द्वोत्तर व्यवस्थापनपश्चात् पनि दिगो शान्ति कायम हुन सक्दैन। द्वन्द्वकालका सबै पीडितहरूले रोजेको न्याय पाउनुपर्दछ। पीडितले भोग्नुपरेका सबै प्रकारका आहतहरूलाई न्यायको दायरामा ल्याउनुपर्दछ। यसका लागि पीडितले रोजेको न्यायप्रणालीमार्फत न्याय पाउने अवसरको सुनिश्चितता हुनुपर्दछ। यस्तो कार्यमा राज्य उदासीनरूपमा बस्न पाउँदैन।

[१२] नेपाल कानुन पत्रिका २०७०, अंक १२, निर्णय नम्बर ९०९१

- **मिरा ढुङ्गानासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको रिटमा**[१३] *द्वन्द्वकालमा घटित भएका मानव अधिकार उल्लंघन वा मानवीय कानुन विरुद्धका गम्भीर कसुरहरु रोक्ने, ती कसुरहरु दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्बोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानुनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुऱ्याउने संयन्त्रको रुपमा संक्रमणकालीन न्यायको मुख्य अभिष्ट हो। मानव अधिकारको दृष्टिकोणले द्वन्द्वकालमा घटेका घटनाहरू राज्यले सम्बोधन गर्नुपर्ने हुन्छ। राज्यले कानून बनाए भनेर मात्र हुँदैन। बनेको कानून संविधान अन्तर्राष्ट्रिय मापदण्ड र अदालतबाट भएको फैसला वा आदेश अनुकूलको भई कार्यान्वयन योग्य हुनुपर्दछ। संविधानसमेतको प्रतिकूल कानून बनेमा त्यस्तो कानून संवैधानिक परीक्षणको रोहमा कायम रहन नसक्ने। यस अदालतबाट पटक-पटक गम्भीर मानव अधिकारका उल्लङ्घनका दोषीहरूलाई कानूनको दायरमा ल्याई पीडितलाई न्यायको महसुस गराउन, परिपूरणको व्यवस्था गर्नु र मेलमिलापको वातावरण बनाइ दण्डहिनता अन्त्य गर्न आदेश जारी भइरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन भई रहेमा विधिको शासनको अवमूल्यन हुन्छ।*
- **निवेदक ज्ञानेन्द्रराज आरणसमेतको रिटमा** [१४] *संक्रमणकालीन न्यायका सन्दर्भमा यस अदालतबाट विभिन्न मुद्दामा गरिएको आदेश र मार्गदर्शनको पनि कार्यान्वयन हुन नसक्नु र संक्रमणकालीन न्यायले पूर्णता प्राप्त गर्न नसक्नु विडम्बनापूर्ण रुपमा लिनुपर्छ। यस परिवेशमा संक्रमणकालीन न्यायका सन्दर्भमा यस अदालतबाट भएका आदेश र मार्गदर्शनको बिना विलम्ब तत्काल कार्यान्वयन गरी शान्ति प्रक्रियालाई पूर्णता दिनु भनी नेपाल सरकार मन्त्रिपरिषदलाई पुनः ध्यानाकृष्ट गराउन पनि आवश्यक र सान्दर्भिक हुने देखियो।*

[१३] नेपाल कानुन पत्रिका २०७३, अंक ३, निर्णय नम्बर ९५५१

[१४] ज्ञानेन्द्र आरणसमेत निवेदक विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको०७९-WO-१०८९ को उत्प्रेषणसमेत रिटमा २०८०।९।१३ मा भएको फैसला https://supremecourt.gov.np/court/public/media/2024_02/18b386a58a19f19f29b88519d64cd37b.pdf हेरिएको मिति २०८०।११।४

२८. यसरी एकातर्फ आयोगका पदाधिकारीहरु रिक्त भएको लामो समयसम्म पनि नियुक्ति प्रकृया प्रारम्भ नभएको अवस्था छ भने अर्कोतर्फ यस अदालतबाट विभिन्न मितिमा उल्लिखित मुद्दाहरुमा संक्रमणकालीन न्यायका सम्बन्धमा सम्बोधनका लागि गरिएका मार्गदर्शन र त्यसको मर्म तथा भावना अनुरुपका कार्यहरु पुरा भइनसकेको अवस्था छ। विपक्षीहरुको लिखित जवाफबाट हाल रिक्त रहेको आयोगका पदाधिकारीहरुको नियुक्ति प्रकृया प्रारम्भ सम्बन्धमा कुनै कार्य भएको भन्ने देखिँदैन। संक्रमणकालीन न्यायलाई यसरी उपेक्षा गरिनु उपयुक्त होइन। कानूनले आयोगका पदाधिकारीहरु सिफारिस गर्न समितिको व्यवस्था गरेकोमा आयोगका पदाधिकारी लामो समयसम्म रिक्त रहँदा पनि नेपाल सरकारबाट सिफारिस गर्ने समिति गठन नगरेकोबाट संक्रमणकालीन न्यायका सम्बन्धमा नेपाल सरकारबाट समुचित रुपमा कार्य हुन नसकेको र यस कुराले प्राथमिकता नपाएको कुरा प्रतित हुन आउँछ। यसरी लामो समयसम्म पदाधिकारी नियुक्तिको प्रकृया आरम्भ नभएबाट शान्ति प्रकृया र संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने तथा द्वन्द पीडितका अधिकारहरुको प्रत्याभूत गराउने कुरामा बाधा पुगेको देखिन्छ। यस्तो बिलम्ब कुनै पनि रुपमा औचित्यपूर्ण, न्यायिक र विवेकसम्मत मान्न सकिदैन।

२९. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफमा *संक्रमणकालीन न्यायका मूलभूत मान्यता तथा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको निर्देशानात्मक आदेश समेतका आधारमा शान्ति प्रक्रियालाई पीडितमैत्री रुपमा टुङ्गोमा पुऱ्याउन नेपाल सरकारले संघिय संसदमा "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" पेश गरेको र उक्त विधेयक प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलको क्रममा रहेको छ। उक्त विधेयक सार्वभौम संसदमा विचाराधीन रहेको र सार्वभौम संसदबाट विधेयक पारित हुँदाको बखत निवेदकले उठान गरेको कतिपय विषयहरु सम्बोधन हुने भएकोले प्रस्तुत सम्बन्धमा सम्मानित अदालतबाट आदेश जारी हुनु पर्ने होइन* भन्ने उल्लेख भएको देखिन्छ। मानव अधिकार र संक्रमणकालीन न्यायका मूलभूत मान्यता र यस अदालतले मार्गदर्शन गरे अनुरुप पीडित मैत्री तथा पीडितको न्यायको अधिकार सम्बोधन हुने गरी कानून संशोधन गर्नु आवश्यक छ भन्ने विषयमा विवाद हुन सक्दैन। तर, यस्तो कानून संशोधनको

विषयमा यस अदालतबाट मार्गदर्शन भएको बर्षौं व्यतित भइसकेको अति लामो अवधिसम्म पनि संशोधन नगरिनु उचित र उपयुक्त मान्न सकिदैन।

३०. दुवै आयोगका पदाधिकारीहरु शीघ्र नियुक्ति हुनुपर्ने कुरामा कुनै विवाद र बिकल्प हुन सक्दैन। यसैले बिना बिलम्ब दुवै आयोगका पदाधिकारीहरुको नियुक्ति प्रकृया शीघ्र प्रारम्भ गर्न अति जरुरी देखिएको छ। साथै, यस अदालतबाट संक्रमणकालीन न्यायसंग सम्बन्धित कानून परिमार्जन गर्न दिएका आदेशहरुको पनि यथाशीघ्र कार्यान्वयन गर्ने गराउने कुरामा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसदको ध्यानाकृष्ट हुन पनि आवश्यक छ।

३१. **तेस्रो प्रश्न अर्थात आयोगमा पदाधिकारी नियुक्ति नभएको अवस्थामा त्यहाँ कार्यरत कर्मचारीबाट के कुन काम गर्न सक्छन् ? भन्ने तर्फ हेर्दा,** विगतमा द्वन्द्वका क्रममा भएका मानव अधिकारको उल्लंघनका सम्बन्धमा त्यस्तो कार्यका लागि जिम्मेवार बनाउने, न्याय र मेलमिलापलाई सुनिश्चित गर्ने सन्दर्भमा एक पूर्णरुपको प्रकृया र संयन्त्रको रुपमा संक्रमणकालीन न्यायलाई लिइन्छ। संक्रमणकालीन न्याय प्रबन्धमा फौजदारी अभियोजन, सत्य, परिपूरणका कार्यक्रम र विभिन्न किसिमका संस्थागत सुधारका कुराहरु पर्दछन्। यस सम्बन्धमा यस अदालतबाट देहायका व्याख्या भएको छ।

- **ज्ञानेन्द्र आरणसमेतको रिटमा**[१५] *संक्रमणकालीन न्यायका आयाममध्ये सत्य उजागरअन्तर्गत द्वन्दका समयमा भएको मानव अधिकारको उल्लंघनका घटनाको छानबिन गरी सत्य तथ्य पहिचान गर्ने तथा पीडितले घटनाका बारेमा सत्यतथ्य थाहा पाउने अधिकारलाई संबोधन गर्ने कुरा पर्दछ। दोश्रो, अभियोजन जसमा द्वन्दकालमा मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरुमा दोषि उपर सजायका लागि सक्षम अदालतमा अभियोजन गर्ने र अन्य सामान्य घटनामा पीडितको मन्जुरीमा मेलमिलाप गराइन्छ। तेस्रो, परिपूरण हो र यसमा पीडितको परिपूरण पाउने अधिकार हुन्छ। त्यसको प्रत्याभूति राज्यको दायित्व हुन्छ। परिपूरण वृहत अवधारणा हो। यो केबल आर्थिक क्षतिपूर्ति मात्र होइन। परिपूरण*

[१५] ज्ञानेन्द्र आरणसमेत निवेदक विपक्षी प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०७९-WO-१०८२ को रिटमा मिति २०८०।०९।१३ मा भएको फैसला

*पीडितको सन्तुष्टिसंग गासिएको विषय हो। चौथो, द्वन्द्व पुन दोहरीन नदिने विषय रहेको हुन्छ। विगतमा भएको जस्तो द्वन्द्व दोहरिन नदिन आवश्यक संस्थागत र कानुनी सुधार, राज्यका नीति, कार्यक्रममा परिमार्जन जस्ता कुराहरु गर्नु पनि संक्रमणकालीन न्यायको आयामकै रुपमा रहन्छ।*

- **लिलाधर भण्डारीसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा**[१६] *संक्रमणकालीन न्यायमा द्वन्द्वकालका घटनाहरुको समग्रतामा मूल्यांकन गरी रणनीतिक उपचार गर्ने दृष्टिकोण लिईन्छ, त्यसैले अपराध अनुसन्धान र अभियोजन, सत्य अन्वेषण (Truth Seeking), क्षतिपूर्ति (reparation), संस्थागत सुधार (Institutional reforms), परीक्षण (vetting) लगायतका विविध पक्षहरूमा चरणबद्ध विचार गर्नु पर्दछ। द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरूद्धका वा मानव अधिकार उल्लङ्घनका गम्भीर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा सुरक्षा र आत्मसम्मानको भाव उद्बोधन गराउने, घटनाको यथार्थ अभिलेख राख्ने, राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गर्ने, अन्ततः शान्ति बहालीको मार्गमा योगदान पुर्‍याउने नै सङ्क्रमणकालीन न्यायका मुख्य अभीष्टहरू हुन्।*

३२. संक्रमणकालीन न्यायका उल्लिखित सिद्धान्त र आयामका आधारमा राज्यहरुले आफ्नो मुलुकको संक्रमणकालीन न्यायसम्बन्धी कानूनमा व्यवस्था गरेका हुन्छन्। नेपालमा पनि मूलतः यीनै आयामहरुलाई नै आत्मसात गर्ने प्रयत्न गर्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावनामा *सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्पारिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण सिर्जना गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यवस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्न आयोग गठन हुने व्यवस्था* उल्लेख भएबाट यस ऐनको उद्देश्य अभिब्यक्त भएको र संक्रमणकालीन न्यायका उल्लिखित आयामहरु अन्तरनिहित रहेको देखिन्छ।

[१६] नेपाल कानून पत्रिका २०६५, अंक ९, निर्णय नम्बर ८०१२

३३. यसका साथै यही ऐनको दफा १३ मा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था छ।

(क) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख) पीडित तथा पीडकको यकीन गर्ने,

(ग) पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(ङ) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,

(च) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,

(छ) यस ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने

३४. सोही ऐनको दफा २७ मा आयोगले नेपाल सरकारसमक्ष प्रतिवेदन पेश गर्दा देहायका कुराहरु समेत समावेश गर्नुपर्ने व्यवस्था रहेको छः

*(क) आयोगबाट छानबिन गरिएका र तामेलीमा राखिएका उजूरी सम्बन्धी विवरण,*

*(ख) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,*

*(ग) परिपूरणको लागि सिफारिस गरेको विषय,*

*(घ) पीडकउपर मुद्दा चलाउन सिफारिस गरेको विवरण,*

*(ङ) सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनको लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यावहारिक सुधारका विषय,*

*(च) प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय,*

*(छ) मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरु,*

*(ज) आयोगले उपयुक्त सम्झेका अन्य कुराहरु।*

३५. उल्लिखित कानूनी व्यवस्थाहरुबाट आयोगलाई प्रदान गरेका जिम्मेवारीहरु विशिष्ट प्रकृतिको रहेको देखिन्छ। कानूनले ती कामहरु स्वतन्त्र र सक्षम आयोगबाट सम्पादित होउन् भन्ने मान्यता र मर्मलाई आत्मसात गरेको छ। उल्लिखित ऐनको दफा २ को खण्ड (ख) मा आयोग भन्नाले दफा ३ बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग वा सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ भन्ने व्यवस्था रहेको, दफा ३ को उपदफा (२) मा आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पाँचजना सदस्यहरु रहने छन् भन्ने व्यवस्था रहेको छ। बृहत् शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, को मर्म र मान्यता तथा ऐनको उद्देश्य एवं व्यवस्थाका सापेक्षतामा हेर्दा विधिकर्ताले स्वतन्त्र र सक्षम आयोगको गठन गर्ने मनसाय राखेको देखिन्छ। विधायिकाले पदाधिकारीको अभावमा कर्मचारीको तहबाट मात्र आयोगका मुलभूत कार्यसम्पादन गराउने परिकल्पना गरेको देखिदैन। संक्रमणकालीन न्यायको कार्य विशिष्ट प्रकृतिको हुने हुनाले आयोगका महत्वपूर्ण र मूलभूत कार्यहरुमा आयोगका पदाधिकारीबाट नै सम्पादित हुनु आयोगको स्वतन्त्रता र स्वायत्तताका दृष्टिकोणले पनि उपयुक्त हुन्छ।

३६. सोही ऐनको दफा ३१ मा *आयोगले आफ्नो काम कारबाही सुचारु रुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्ने* र दफा ३४ मा *आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सचिव वा दफा ३१ बमोजिम गठित उपसमिति वा कार्य टोलीलाई प्रत्यायोजन गर्न सक्ने तर मेलमिलाप गराउने वा परिपूरण, क्षमादान वा कारबाहीको सिफारिस गर्ने सम्बन्धमा आयोगलाई भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन* भन्ने व्यवस्था रहेकोमा आयोगका पदाधिकारीको निर्णयबाट छानबिन गर्नका लागि टोली गठन गर्न वा अधिकार प्रत्यायोजन गर्न सक्ने देखिएपनि तदनुरुप उपसमिति वा कार्यटोली गठन नभएको तथा अख्तियार प्रत्यायोजन नभएको भन्ने विपक्षी आयोगहरुको लिखित जवाफबाट देखिन्छ।

३७. यसरी प्रचलित कानूनले छानबिनको अधिकार आयोगमा रहेकोमा आयोगले कानुनबमोजिम कुनै छानबिन टोली वा अनुसन्धान अधिकृत तोकेको पनि नदेखिएको, आयोगबाट कर्मचारीलाई छानबिनका लागि कुनै अख्तियार प्रत्यायोजन नभएको,

आयोगको छानबिनको विषय संक्रमणकालीन न्यायसँग जोडिएको विशिष्ट प्रकृतिको विषय भएको र आयोगको स्वायत्तता र स्वतन्त्रताका सापेक्षतामा समेत आयोगबाट अनुसन्धान अधिकृत तोकी वा टोली गठन गरी गर्नुपर्ने बिस्तृत छानबिन, आयोगबाट गरिनुपर्ने विभिन्न सिफारिस, आयोगबाट सम्पादित हुने मूलभूत कार्यहरु र आयोगबाटै निर्णय हुनुपर्ने प्रकृतिका काम कर्मचारीबाट मात्र गर्नु गराउनु भनी यस अदालतबाट आदेश जारी गर्नु उपयुक्त हुने देखिदैन। त्यस्तो आदेश जारी गर्नु कानूनसम्मत र आयोगहरु स्वतन्त्र, सक्षम र स्वायत्त हुनुपर्ने संक्रमणकालीन न्यायको मर्म, भावना, मुल्य र मान्यता अनुरुप हुँदैन।

३८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्समेतका विपक्षीहरुले ऐनको दफा ३१ मा आयोगले आफ्नो काम कारवाही सुचारु रुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोमा हाल त्यस्ता उपसमिति वा कार्यटोली गठन गर्न आयोगमा पदाधिकारीहरु रिक्त रहेको अवस्थामा आयोगको आदेश वा निर्देशन बिना कर्मचारीले मात्र काम गर्न नसक्ने भनी लिखित जवाफमा उल्लेख गरेको देखिँदा आयोगका पदाधिकारी नभएका कारणले आयोगको काम कारबाहीमा बाधा पुगेको भन्ने देखिन्छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावनामा *सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्पारिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण सिर्जना गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यवस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्न आयोग गठन हुने व्यवस्था* उल्लेख छ, जसमा यस ऐनको उद्देश्य अभिव्यक्त र प्रतिबिम्बित रहेको अवस्था छ। संक्रमणकालीन न्यायले शीघ्र पूर्णता दिई द्वन्द पीडितलाई न्यायको हकलाई संरक्षित गर्न र मुलुकलाई दिगो शान्ति कायम गर्न द्वन्दकालीन मानव अधिकार उल्लंघनका घटनाहरुको नियमित रुपमा छानविन कार्य सुचारु हुनुपर्ने हुन्छ। तर, आयोगमा पदाधिकारी नभएका कारण छानविन कार्य अवरुद्ध हुन गएको देखिन्छ। यस अवस्थामा प्रारम्भिक

अनुसन्धानको कामसमेत हुन नसकेको हुँदा प्रस्तुत ऐनको उद्देश्य हाँसिल गर्ने कुरामा बाधा पुगेको देखिन आएको छ। यसैले, त्यस्तो बाधालाई संम्बोधन गर्न आवश्यक देखिएको छ।

३९. नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको सचिवको ऐनबाट नै व्यवस्था गरिनुको कारण वा अन्तर्य भनेको छानबिन लगायतका आयोगबाट सम्पादित हुनुपर्ने कार्यहरु प्रभावकारी रुपमा छानबिन हुन सकोस् भन्ने नै हो। दुवै आयोगहरुमा नेपाल सरकारको न्याय सेवाको विशिष्ट श्रेणीको सचिब लगायत ठुलो संख्यामा कर्मचारीको दरबन्दी[१७] राख्नुको अभिप्राय र उद्देश्य भनेको आयोगबाट हुने छानबिनमा[१८] प्रभावकारिता ल्याउनु नै हो। एकातर्फ न्याय सेवाको सचिब लगायतका ठुलो संख्यामा कार्यरत कर्मचारीले कुनै काम नगरी हाजिर मात्र भएर कार्यालय समय व्यतित गर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ आयोगबाट नियमित र निरन्तर रुपमा हुनुपर्ने छानबिनको काम हुन नसकी पीडितको शीघ्र न्याय पाउने हकमा बाधा पुगेको र संक्रमणकालीन न्यायका काममा बिलम्बन हुन पुगेको अवस्था छ। यसैले, आयोगका सचिबबाट आयोगको स्वायत्ततामा प्रतिकुल प्रभाव नपर्ने गरी प्रारम्भिक छानबिन गर्ने गराउने प्रबन्ध गर्न उपयुक्त हुने देखिन्छ।यसो गर्नु आवश्यकताको सिद्धान्तले पनि औचित्पूर्ण हुने देखिन्छ। यसका लागि सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधिहरुसंग परामर्श गरी ऐनको दफा ४२ बमोजिम नेपाल सरकारले बाधा अड्काउ फुकाउने उपाय अबलम्बन गरी पदाधिकारीहरु नभएको अवस्थामा पनि आयोगका सचिबबाट कार्यटोली गठन गरी पीडित मैत्री वातावरण कायम गरी प्रारम्भिक छानबिनको कार्यसम्म सुचारु गर्न गराउन सक्ने प्रबन्ध गर्न समुचित र मनासिब देखिन्छ।

[१७] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा २ जना सहसचिबसमेत कुल ७० जनाको रहेको छ । यस आयोगका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण भई आयोगमा रहने महाशाखा तथा शाखाहरु तथा कर्मचारीको अस्थायी दरबन्दीसमेत नेपाल सरकारबाट स्वीकृत भएको छ। यसमा २ वटा महाशाखा र ६ वटा शाखाहरु रहेका छन् ।available at http://ciedp.gov.np/, यसरी नै सत्य निरुपण तथा मेलमिलाप आयोगमा नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा ३ सहसचिब सहित आयोगको कार्यप्रकृति अनुसार निजामती सेवा अन्तरगत विभिन्न सेवा र समूहका कर्मचारीहरुको स्वीकृत दरवन्दी ९६ रहेको देखिन्छ । available at https://trc.gov.np/ हेरिएको मिति, २०८०।११।७

[१८] आयोगमा कार्यरत कर्मचारीहरुको कार्यविवरण हेर्दा विभिन्न पदका कर्मचारीको कार्यविवरणमा छानबिन कार्य गर्ने उल्लेख छ ।

४०. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमाली, २०७२ को नियम ३५ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ३९ मा आयोगको कामसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, तालिम, गोष्ठि र सार्वजनिक सुनुवाई लगायतका कार्य संचालन गर्ने गराउने तथा आयोगसंग सम्बन्धित विभिन्न कार्यहरु गर्नसक्ने अधिकार आयोगको सचिवलाई प्रदान गरेको देखिएको हुँदा ऐनको दफा १३(घ) र दफा २३ अनुसार गर्नुपर्ने परिपूरणसम्बन्धी अध्ययन अनुसन्धान, दफा १८ बमोजिम सार्वजनिक सुनुवाई र दफा २७ बमोजिम सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनको लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सुधारका विषय, मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरु अध्ययन अनुसन्धान गरी प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार पार्ने पार्न लगाउने कार्य गर्न पदाधिकारी नभएको अवस्थामा पनि आयोगका सचिव सक्षम रहेको देखिन्छ। यसका साथै आयोगमा परेका उजुरी एवम् छानविनबाट देखिएको प्रबृत्तिका बारेमा तथ्यपरक रुपमा विवरण तयार पार्ने, आयोगले विगतमा गरेका सिफारिसहरुको कार्यान्वयनको अवस्थाका बारेमा सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यान्यवनमा सहजीकरण गर्ने, संक्रमणकालीन न्याय बारेमा सरोकारवाला निकायहरुसँग सहकार्य गरी सचेतना अभिबृद्धि गर्ने गराउने, आयोगमा कार्यरत जनशक्तिको अनुसन्धान तथा छानविन क्षमता विकासका लागि कार्यक्रमहरु संचालन गर्ने, पीडितलाई आवश्यक सेवा सुविधा र सम्मानका लागि सरकारी निकायहरुसँग समन्वय गर्ने र उजुरीमा संलग्न घटनाका बारेमा प्रमाणको संरक्षण एवम् सुरक्षाका लागि सरोकारवाला निकायहरुसँग समन्वय गर्ने जस्ता कार्यहरु आयोगमा पदाधिकारी नभएको अवस्थामा पनि सचिबबाट गर्न गराउन कानूनले बाधा पर्ने देखिदैन।

४१. सचिबबाट गर्ने गराइने यस किसिमका अध्ययन अनुसन्धान लगायतका कार्यले आयोगलाई सहजता हुने भएकाले पदाधिकारी नभएका अवस्थामा पनि आयोगका सचिबबाट यी कार्य नियमित र पीडित मैत्रीरुपमा सुचारु गर्नु गराउनु आवश्यक, उपयुक्त र बान्छनीय देखिन्छ। दुवै आयोगका सचिबहरुबाट यसै मान्यता अनुरुप उल्लिखित कार्यहरु सम्पादन हुने कुरा अपेक्षित मान्न सकिन्छ। साथै, बेपत्ता पारिएका

व्यक्तिको छानबिन आयोगको लिखित जवाफमा *अख्तियारी नदिएको बिषयमा बाहेक अन्य बिषयमा आयोगको सचिवालय क्रियाशिल नै रहेको छ। सोही क्रममा नेपालमा सशस्त्र द्वन्द्वको समयमा भएका व्यक्ति बेपत्ता पार्ने कार्यका प्रकृति, प्रवृत्ति एवम् स्वरुप, सो समयमा भएका मानव अधिकार उल्लंघनको अवस्था र भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनु पर्ने उपायहरुको बारेमा विज्ञहरुबाट अनुसन्धानमूलक अध्ययन समेत गराइएको छ। आयोग सम्बन्धी ऐनले दिएको अख्तियारीको सिमाभित्र रही आयोगको सचिवालयबाट काम भैरहेको छ* भनी उल्लेख गरेको देखिएको हुँदा यस सम्बन्धमा थप विश्लेषण गरिरहन परेन।

४२. अन्तिम प्रश्न अर्थात **निवेदन माग बमोजिम उत्प्रेषण समेतको आदेश जारी हुने हो होईन?** भन्ने तर्फ हेर्दा निवेदकले प्रस्तुत निवेदनमा माग गरेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा तत्काल पदाधिकारी नियुक्ति हुनुपर्ने र आयोगमा पदाधिकारी नभएका अवस्थामा पनि आयोगका कर्मचारीबाट कार्यहरु हुनुपर्ने भन्ने विषयमा माथिल्ला प्रकरणहरुमा बिस्तृत रुपमा विश्लेषण र विवेचना गरिसकिएको छ। ती विश्लेषणसमेतका आधारमा देहायबमोजिमका आदेश जारी गरिएको छ।

- प्रस्तुत आदेश प्राप्त गरेका एक महिनाभित्र सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीहरुको नियुक्तिका लागि सिफारिस समिति गठन कार्य सम्पन्न गरी नियुक्ति प्रकृया प्रारम्भ गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा परमादेश जारी हुने।
- आदेश प्राप्त गरेको १५ दिन भित्र पीडितको शीघ्र सत्य तथ्य जान्न पाउने र न्यायको हकको सुनिश्चित र संरक्षित गर्नका लागि सशस्त्र द्वन्दबाट पीडित भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधिहरु र दुवै आयोगका सचिबहरुसंग परामर्श गरी पदाधिकारीहरु नभएको अवस्थामा आयोगका सचिबले कार्यटोली गठन गरी पीडित मैत्री वातावरण सृजना गरी प्रारम्भिक छानबिनको कार्य प्रारम्भ गर्न गराउन सक्ने गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न गराउन भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने।

४३. प्रस्तुत आदेश कार्यान्वयनका लागि आदेशको प्रतिलिपि सहितको सुचना महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई तत्काल दिनू। प्रस्तुत रिट

निवेदन विद्युतीय प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(महेश शर्मा पौडेल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(कुमार रेग्मी)
न्यायाधीश

इजलास अधिकृत : माया पोखेल रिजाल/मोना शर्मा

कम्प्युटर : अमिर रत्न महर्जन

इति सम्वत् २०८० साल माघ १५ गते रोज २ मा शुभम्.................................।